# कचनकवल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बनियानी, झापा
कोशी प्रदेश


पत्र संख्या: २०७९/०८०
चलानीनं.: 1898

मिति :२०७९/११/२१

श्री वडा कार्यालयहरु सबै
कचनकवल गाउँपालिका, झापा ।

बिषय:-निर्णय कार्यान्वयन गर्ने /गराउने सम्बन्धमा ।

प्रस्तुत बिषयमा राष्ट्रिय हातीपाइले रोग निवारण अभियान २०७९ अन्तर्गत मिति २०७९/११/११ गतेदेखि संचालन हुदै आएको आम औषधि सेवन कार्यक्रममा यस पालिकाका हरेक टोल/बस्तिका हरेक घरदैलोमा स्वास्थ्यकर्मीहरु, म.स्वा.स्व.सेविकाहरु अहोरात्र खटिराखेको व्यहोरा सर्वबिदितै छ । उक्त कार्यक्रमलाई शत प्रतिशत सफल बनाउन लक्षित जनसमुदायलाई औषधी सेवन गराएर हातीपाइले रोग मुक्त कचनकवल बनाउन हामी सबैको प्रथम कर्तव्य हुने भएकोले अहिले उक्त अभियानमा समुदायस्तरमा देखिएको बिभिन्न समस्याहरुको समाधानार्थ आज गाउँपालिका उपाध्यक्ष ज्यूको अध्यक्षतामा तथा स्वास्थ्य शाखाको समन्वयमा बसेको आकस्मिक बैठकबाट भएको निम्न बमोजिमको निर्णयहरु सबै वडा तहबाट कार्यान्वयन गर्न /गराउन सम्पूर्ण वडा समितिले शशक्त रुपमा भूमिका निर्वाह गर्दै यस महान अभियानलाई सफल बनाउन हार्दिक अनुरोध छ ।

निम्न;-

१. मिति २०७९/११/२२ गतेका दिन हरेक वडा समितिको बैठक बसी यस अभियानमा वडा समितिले आ-आफ्नो वडामा स्वास्थ्यकर्मी संगै सहभागी भई अभियान सफल बनाउन प्रतिबद्धता सहितको निर्णय गर्ने/गराउने ।
२. मिति २०७९/११/२३-२४ गते फागु पुर्णिमा र नारी दिवश परेको हुँदा उक्त २ दिन कार्यक्रम स्थगित राखी मिति २०७९/११/२५ गते देखि २९ गते सम्म अभियान निरन्तर संचालन गर्न प्रतिबद्धता अनुरुप सहभागी हुने ।
३. यस अभियानका बखत हरेक घरधुरीमा बस्ने परिवारका सम्पूर्ण सदस्यले औषधी सेवन गरे पश्चात स्वास्थ्य कर्मीले ती परिवारलाई उपलब्ध गाराउने आम औषधी सेवन कार्ड तहाँ वडा कार्यालयबाट प्रदान गरिने सम्पूर्ण सेवाहरु प्रवाह गर्नु पूर्व अनिवार्य रुपमा सम्बन्धित लाभग्राही संग माग गरि लाभाग्राहिका परिवारका सम्पूर्ण सदस्यले औषधी सेवन गरेको देखिएमा मात्र सेवा प्रदान गर्ने तथा औषधि सेवन नगरेको पाइएमा तत्काल नजिकैको स्वास्थ्य संस्थाबाट औषधी सेवन गर्न लगाई औषधी सेवन पश्चात मात्र वडाको सेवा प्रवाह गर्ने/गराउने कार्य कडाइकासाथ् लागु गर्ने/गराउने ।
४. यस अभियान सफल पार्न अहोरात्र खटिने स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयम सेविका, जनप्रतिनिधि तथा स्वयम् सेवकहरुलाई घरदैलोमा गई औषधी सेवन गराउने कार्यमा कुनै किसिमको धाख धम्कि दिने, तथानाम गर्ने, बाधा व्यबधान उत्पन्न गराई औषधी सेवन नगर्ने व्यक्ति/परिवार/समूहलाई "संक्रामक रोग ऐन-२०२०"को दफा ३ मा उल्लेखित सजाय स्वरूप एक महिना सम्म कैद वा रु १०० सम्म जरिवाना वा दुबै सजाय आकर्षित हुने गरी उक्त सजाय गर्ने अखितियार प्राप्त प्रमुख जिल्ला अधिकारी समक्ष सम्पूर्ण विवरण सहित सिफारिशको लागि गा.पा.मा समन्वय गर्ने/गराउने ।

२०७९/११/२१

नवराज भट्टराई
उपाध्यक्ष



CamScanner